# प्रतिजैविक प्रतिरोध शब्दावलीहरु

जीवाणुरोधी प्रतिजैविकी समान

प्रतिजैविकी जीवाणुलाई नष्ट गर्ने वा जीवाणुको प्रतिकृति (वंश वृध्दि) रोक्ने प्राकृतिक, अर्ध संश्लिष्ट वा संश्लिष्ट वस्तु

ढुसीरोधक ढुसीलाई नष्ट गर्ने वा ढुसीको प्रतिकृति (वंश वृध्दि) रोक्ने प्राकृतिक, अर्ध संश्लिष्ट वा संश्लिष्ट वस्तु

प्रतिजैविकी सुक्ष्मजीवलाई नष्ट गर्ने वा तिनको प्रतिकृति (वंश वृध्दि) रोक्ने प्राकृतिक, अर्ध संश्लिष्ट वा संश्लिष्ट वस्तु

प्रतिजैविकी प्रतिरोध सुक्ष्मजीवलाई नष्ट गर्न वा रोक्न सक्ने प्रतिजैविकीको प्रभावमा पनि वंशाणुगत वा उपार्जित रुपमा प्राप्त गरेको चारित्रिक गुणका कारण जिवित रहन वा वंश बढाउन सक्ने सुक्ष्मजीवको क्षमता

प्रतिपरजैविक परजीवीलाई नष्ट गर्ने वा तनको प्रतिकृति (वंश वृध्दि) रोक्ने प्राकृतिक, अर्ध संश्लिष्ट वा संश्लिष्ट वस्तु

प्रतिएककोशीयपरजैविक एककोशीय परजीवी नष्ट गर्ने वा तिनको प्रतिकृति (वंश वृध्दि) रोक्ने प्राकृतिक, अर्ध संश्लिष्ट वा संश्लिष्ट वस्तु

भाइरसनाशक विषाणुको प्रतिकृति (वंश वृध्दि) रोक्ने वा विषाणु नष्ट गर्ने प्राकृतिक, अर्ध संश्लिष्ट वा संश्लिष्ट वस्तु रोक्छ

जीवाणुनाशक जीवाणुलाई नष्ट गर्ने प्राकृतिक, अर्ध संश्लिष्ट वा संश्लिष्ट वस्तु

जीवाणुरोधी जीवाणुको प्रतिकृति (वंश वृध्दि) रोक्ने प्राकृतिक, अर्ध संश्लिष्ट वा संश्लिष्ट वस्तु

नियन्त्रण/मेटाफिलेक्सिस रोगका लक्षण कम गर्न वा निको पार्न र रोग थप फैलिन नदिन बिरामी र संक्रमण भएको अनुमान गरीएको तर स्वस्थ देखिने वाली, विरुवा वा पशुपन्छीहरुको समूहमा प्रतिजैविकीको प्रबन्धन वा प्रयोग (कोडेक्स)

गम्भीरर महत्त्वका प्रतिजैविकी (CIA) “मानव औषधिको लागि गम्भीररुपमा महत्वपूर्ण प्रतिजैविकीहरुको डब्लु एच ओ (WHO) सूची” को सबैभन्दा अद्यावधिक संस्करणमा वर्गीकृत प्रतिजैविकीहरु

ढुसीनाशी ढुसीनाशक गुण भएको पदार्थ

ढुसीरोधी ढुसीको प्रतिकृति (वंश वृध्दि) रोक्ने प्राकृतिक, अर्ध संश्लिष्ट वा संश्लिष्ट वस्तु

ढुसीनाशक ढुसी नष्ट गर्ने प्राकृतिक, अर्ध संश्लिष्ट वा संश्लिष्ट वस्तु

वृद्धि प्रवर्धन (प्रयोग) पशुपन्छीको तौल वृद्धीदर बढाउनको लागि मात्र वा दाना उपयोगीताको क्षमता बढाउनको लागि प्रतिजैविकीको प्रयोग (OIE)

उच्चतम प्राथमिकता प्राप्त अतिगंभीरर महत्वका प्रतिजैविकी "मानव औषधीको लागि अतिगम्भीर महत्त्वका प्रतिजैविकीहरुको डब्लु एच ओ **(WHO)** सूची" को सबैभन्दा अद्यावधिक संस्करणमा वर्गीकृत प्रतिजैविकी

अति महत्त्वपूर्ण प्रतिजैविकहरु "मानव औषधीको लागि गम्भीर महत्वका प्रतिजैविकीहरुको डब्लु एच ओ (WHO) सूची" को सबैभन्दा अद्यावधिक संस्करणमा वर्गीकृत प्रतिजैविकी

महत्वपूर्ण प्रतिजैविकी "मानव औषधीको लागि गम्भीररुपमा महत्वपूर्ण प्रतिजैविकीहरुको डब्लु एच ओ (WHO) सूची" को सबैभन्दा अद्यावधिक संस्करणमा वर्गीकृत प्रतिजैविकी

एकिकृत शत्रुजीव व्यवस्थापन (IPM) शत्रुजीव समूहको विकास निरुत्साहित गर्न, जीवनाशक विषादि र अन्य हस्तक्षपकारी उपायहरुको स्तर आर्थिक रुपमा न्यायोचित राख्न, र मानव एवं पशु स्वास्थ्य र/वा वातावरणमा हुने जोखिम न्यूनीकरण गर्न एकिकृत रूपमा सावधनीपूर्वक अपनाइएका किट नियन्त्रण गर्ने सबै उपलब्ध प्रविधि र उपयुक्त उपायहरु । IPM ले पारिस्थितिकीय प्रणालीको अतिकम सम्भावित क्षति गराई स्वस्थ बालीको विकासमा जोड दिन्छ र प्राकृतिक शत्रुजीव नियन्त्रण विधिलाई प्रोत्साहन गर्छ (FAO/WHO)

चिकित्सकीय महत्वका प्रतिजैविकी "मानव औषधोपचारमा प्रयोग हुने सबै प्रकारका प्रतिजैविकी वर्ग"। "मानव औषधीको लागि गम्भीर महत्त्वका प्रतिजैविकीहरूको डब्लु एच ओ (WHO) सूची" मा परिभाषित भए अनुसार "शरीरको सुक्ष्म (आणविक) संरचना, लक्षमा असर गर्ने प्रकृति र कार्यतन्त्रमा समानता रहेर समान संयन्त्रको अधीनमा रही प्रतिरोध गर्ने प्रकृतिका प्रतिजैविकी वर्ग ।

सुक्ष्मजीवाणु जीवाणु साम्राज्यका विषाणु, जीवाणु (आर्कबेक्टेरीया, युबेक्टेरीया), ढुसी, प्रोटिस्टा, र क्रोमिस्टा समेतका एककोशीय प्रजाति

प्रतिजैविकीको गैर-पशु चिकित्सकीय प्रयोग संक्रामक रोगको उपचार, नियन्त्रण वा रोकथाम गर्न बाहेक वृध्दि प्रवर्धन लगायतका अन्य उद्देश्यका लागि पशुपन्छीहरुमा प्रतिजैविकीको प्रयोग (OIE)

(OIE)

परजीवी अन्य अश्रयदाता जीवको पोषक तत्वमा निर्भर रहेर सोही जीवमा जिवित (आश्रित) रहने प्राणी

शत्रुजीव विरुवा र विरुवाजन्य उत्पादन, सामग्री वा वातावरणको लागि हानिकारक हुने विरुवा, पशुपन्छी वा रोगजनक तत्वको कुनै प्रजाति, वा वंश, र परजीवी वा मानव र पशुजन्य रोगको रोगजनक जीवाणुको वाहक र जनस्वास्थ्यमा प्रतिकूल असर पार्ने पशुपन्छी (IPPC आइपिपिसी)

जीवनाशक विषादी विरुवाको वृद्धि विनियमित गर्ने, वा कुनैपनि किट हटाउने, नष्ट गर्ने वा नियन्त्रण गर्ने कुनै किसिमको वस्तु वा रसायन वा जैविक मिश्रण

रोकथाम/रोगनिरोध प्रतिजैविकी प्रयोग नगरेमा संक्रामक रोग लाग्न सक्ने जोखिम भएका एक वा अनेक बाली,

विरूवा वा पशूपन्छीको विशेष अवस्थामा सम्भावित संक्रमणको रोकथाम गर्न गरिने प्रतिजैविकीको सेवन वा प्रयोग

उपचार/उपचारात्मक संक्रामक रोगको लक्षण देखिएका एक वा अनेक वाली, विरूवा वा पशुपन्छीमा प्रतिजैविकीको सेवन वा प्रयोग

पशु चिकित्सामा अतिगम्भीर महत्त्वका प्रतिजैविकी "पशुचिकित्सामा अति गम्भीर महत्वका प्रतिजैविकहरुको ओआईई (OIE) सूची" को सबैभन्दा अद्यावधिक संस्करणमा वर्गीकृत प्रतिजैविकी

पशु चिकित्सामा गम्भीर महत्त्वका प्रतिजैविकी "पशुचिकित्सामा गम्भीर महत्वका प्रतिजैविकहरुको ओआईई (OIE) सूची" को सबैभन्दा अद्यावधिक संस्करणमा वर्गीकृत प्रतिजैविकी

पशु चिकित्सामा महत्त्वपूर्ण प्रतिजैविकीहरु "पशुचिकित्सामा महत्त्वपूर्ण प्रतिजैविकीहरुको ओआईई (OIE) सूची" को सबैभन्दा अद्यावधिक संस्करणमा वर्गीकृत प्रतिजैविकी